स्थानीय 'ख' वर्गको
# झुलेनी पोष्ट
www.jhulenipost.com
वर्ष १०, अंक ३, २०८० श्रावण २३ मंगलवार (Jhuleni Post Weekly 8 Aug. 2023) पृष्ठ ८, मुल्य रु. २०
साप्ताहिक

झुलेनी पोष्ट
साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय :
प्यूठान न.पा.-४, बिजुवार
Email :
jhulenipyuthan@gmail.com

## गर्जेनीमा दैनिक गर्जिन्छ पहिरो

## अवरुद्ध सडक सुचारु भएपनि जोखिम कायमै



झुलेनी पोष्ट
प्यूठान

प्यूठान-भालुवाङ्ग सडक खण्ड अन्तर्गत पर्ने गर्जेनीमा दैनिक चल्ने धुले पहिरोले प्यूठान-रोल्पा आवागमनमा निकै समस्या हुन थालेको छ।

तिरामको डाँडैखस्ला जस्तोगरेर पहिरो चलेका कारण यो सडक भएर यात्रागर्ने यात्रुलाई हिजोआज यात्रा गर्न सहज छैन । पाँचदिन देखि रोकिएको सडक आईतवार बेलुका मात्र खुलेको थियो। आइतवार रातीनै पुनःअवरुद्ध भयो। सोमवार पुनःपहिरो सोर्नेकाम गरेर सडक सुचारु गरिएको छ। तर, कतिबेला रोकिने हो भन्ने त्रास उत्तिकै रहेको सडक डिभिजन कार्यालय प्यूठानको भनाइ छ।

पहिरो कतिबेला चल्छ र कतिबेला रोकिन्छ भन्ने कुराको ठेगान नभएकाकारण यो सडक भएर यात्रा गर्ने यात्रुलाई समस्या हुने गरेको हो। समयमै गन्तव्यमा पुग्न समस्या भएको छ। बुधवार रातीदेखि रोकिएको सडक आइतवार बेलुका केहि समय सुचारु भएको थियो। प्रहरीका अनुसार पहिरो खस्न अझै रोकिएको छैन। जोखिम उत्तिकै छ। पहिरो आउनेक्रम नरोकीएका कारण पहिरो हटाउन निकै समस्या भएको प्रमुख जिल्ला अधिकारी मदन कोइरालाले बताए। सडक नियमितरुपमा सञ्चालन गर्नको लागि ४ वटा मेसिन प्रयोग गरिएको प्रजिअले बताए। 'पहिरो खस्न रोकिएको छैन,'उनले भने,'त्यसैले खसेको पहिरो हटाउन समस्या भैरहेको छ।'

जिल्ला प्रशासन कार्यालय र सडक डिभिजन कार्यालय प्यूठानले पहिरो आउनेक्रम नरोकीका कारण रातीको समयमा यात्रा नगर्न आव्हान गरेका छन् । रातीको समयमा यात्रुलाई वैकल्पिक सडक प्रयोग गर्ने आग्रहा गरिएको छ। पहिरो हटाउनको लागि ४ वटा मेसिन तयारी अवस्थमा राखेको सडक डिभिजन कार्यालय प्यूठानले जनाएको छ।

पहिरो हटाईरहेको समयमा ध्वाँजा फाँटेको स्थानबाट पहिरो खसेपछि समस्या भएको सडक डिभिजन कार्यालय प्यूठानका सव-इन्जिनियर प्रकाश अधिकारीले बताए। 'काम गर्न निकै जोखिम छ,' उनले भने,'एक्कासी पहिरो मेसिन नै पुर्लाजस्तो गरेर आउँछ।' पहिरो चल्दै चल्दै गएर भण्डै एक सय मिटर माथिसम्म पुगेको अधिकारीले बताए।

सडक डिभिजन कार्यालय प्यूठानले पहिरो हटाउनको लागि त्यहाँ ब्याक होल्डलोडर, व्हिललोडर, स्काभेटर गरि ४ वटा मेसिन लगाएको छ। मेसिनहरुले दुवै तर्फबाट पहिरो हटाउने काम जारी राखेका छन्

## प्यूठानमा आँखा पाक्ने बिरामी छ्यापछ्याप्ती



झुलेनी पोष्ट
प्यूठान

प्यूठान-केही दिनयता देशका विभिन्न ठाउँमा फैलिएको आँखा पाक्ने रोग प्यूठानमा पनि फैलिएको छ। जिल्लामा आखाँ पाक्ने बिरामी छ्यापछ्याप्ती भेटिन थालेका छन्। स्वास्थ्य संस्थाहरुमा आँखाको उपचार गर्न आउने बिरामी बढेका छन्।

जिल्लामा आँखा पाक्ने समस्या प्रकोपको रुपमा देखिएको चिकित्सकहरुको भनाइ छ। रोग फैलने क्रम अत्यन्तै तीब्र भएकाले जिल्लाका क्लिनिक र अस्पतालहरु आँखा उपचार गराउन आउनेहरु बिरामीले भरिभराउ हुन थालेका छन्। प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवारमा आँखा पाक्ने रोगको उपचार गराउनेको संख्या दोब्बरले वृद्धि भएको अस्पतालले जनाएको छ।

समुदायस्तरमा आँखा पाक्ने समस्या प्रकोपका रुपमा देखिएको प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवार प्यूठानका प्रमुख लक्ष्मी मल्ल ठकुरीले जानकारी दिईन।

आईतवार मात्रै १ सय ४५ जना बिरामीहरु उपचार गर्न आएको नरेन्द्र गायत्री आँखा अस्पतालकी नेत्र सहायक स्वर्णिम शर्मा उपाध्यायले बताइन। सुरुमा एउटा वा दुवै आँखा सुन्निने र चिलाउन सुरु हुने यो रोग विशेष गरी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा बढी देखिएको स्वास्थ्यकर्मीहरुले बताएका छन्। सुरुमा आँखा रातो हुने, कचेरा लाग्ने, टाँसिने, आँसु बगिरहने र घाम वा उज्यालोमा हेर्न अप्ठ्यारो हुने यो रोगको लक्षण देखिने स्वास्थ्यकर्मीहरु बताउँछन्। जथाभावी रुपमा आँखा नछुने, आँखा छुनु भन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने, सफा पानीले आँखा सफा गर्ने सङ्क्रमितहरुले प्रयोग गरेका तौलिया, रुमाल प्रयोग नगर्ने, व्यक्तिगत सरसफाइमा ध्यान दिन चिकित्सकहरुले सुझाव दिएका छन्। आँखा पाक्ने रोगको प्रकोप तीव्र रुपमा फैलिएपछि विद्यालयहरु समेत प्रभावित भएका छन्। निको नहुन्जेल आँखा पाकेका विद्यार्थीहरुलाई घरमा राख्न प्यूठानका विद्यालयहरुले अभिभावकहरुलाई अनुरोध समेत गरेका छन्। आँखा पाक्ने रोग लागेका विद्यार्थीहरुलाइ घरमै आराम गर्न लगाइएको कालिका आवासीय माध्यामिक विद्यालय प्यूठान नगरपालिका ४ टारीका प्रधानाध्यापक दुर्गाबहादुर गुरुङले बताए।

### हाम्रो नजर

## जो चप्पल उद्योगी बन्दैछन्



*मल्लरानी गाउँपालिका-४, खलंगामा स्थानीय ५ जना मिलेर मल्लरानी चप्पल उद्योग सञ्चालनमा ल्याएका छन्।*

*गत जेठ महिनाबाट ५ जनाले सामुहिकरुपमा चप्पल उद्योग सञ्चालनमा गरेका हुन्। उद्योगमा नर्मता भट्ट, अरुणा बुढाथोकी, तुलसा थापा, गोमा श्रेष्ठ र सुनिता शाहीको समुह रहेको छ।उद्योगबाट दैनिक ६/७ जोडी चप्पलहरु उत्पादन हुन्छ।*

*मल्लरानी गाउँपालिकाले गरिबी निवारणका लागि लघु उद्यम सीप विकास तालिम दिएपछि उनीहरुले उद्योग सञ्चालन गरेका हुन्। उद्योग स्थापनाको लागि ५० हजार लगानी गरिएको चप्पल उद्योगका अध्यक्ष नर्मता भट्टले बताईन्। गाउँपालिकाले चप्पल सिलाउनको लागि एउटा मेसिन समेत उपलब्ध गराएको अध्यक्ष भट्टले जानकारी दिइन्। उनीहरुले उत्पादन गरेको चप्पल जिल्ला बाहिर दाङ, नेपालगञ्ज काठमाडौं लगायतका जिल्लाहरुमा बिक्री हुँदै आएको छ।*

*अहिलेसम्म उनिहरुले फुटकरबाट २५ हजार भन्दा बढीको चप्पलहरु बिक्री गरिसकेको बताउँछन्। ग्राहकहरुले पनि चप्पलको मुल्य र चप्पल राम्रो भएको भन्दै मन पराएका छन्। 'हामीले थोकमा बिक्री गर्नको लागि खलंगा बाग्दुला बजारमा पुऱ्यायौं,' उनले भनिन्,' व्यपारीले महंगो भन्दै राख्न मानेनन्।' उनिहरुले उत्पादन गरेको चप्पले स्थानीय बजारमा भने राम्रो भाउ पाएको छैन्। मल्लरानी गाउँपालिकाले बजारको लागि व्यवस्थापन गर्न व्यसायहरुसंग अन्तरक्रिया कार्यक्रम समेत गरेको थियो। जिल्लामा उनीहरुले उत्पादन गरेको चप्प महंगो भएको भन्दै थोकमा बिक्री सुन्य जस्तै छ। स्थानीय उद्योगबाट उत्पादन भएका सामानहरु जिल्ला मै बिक्री गर्ने बाताबरण मिलाउन स्थानिय सरकारले पहलगर्नु पर्ने उनहिरुले बताए। उद्योगबाट उनिहरु सन्तुष्ट भएको बताएका छन्। बिहान बेलुका घरको काम सकेर दिउँसोको समय उनिहरु आफ्नै उद्योगमा ब्यस्त हुन्छन्।*

## जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चर्पी प्रयोग
- गरिसकेपछि साबुन पानीले हात धुने बानी बसालौं ।
  व्यक्तिगत सरसफाईमा ध्यान दिऔं । घर भित्र र घर वरपर
- नियमित सरसफाई गरौं ।
  दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौ खुल्ला ठाउँमा दिसा, पिसाब
- नगरौं ।
  कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं,र दुई छुट्टाछुट्टै
- भाँडामा संकलन गरौं ।
  सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारका फोहोरजन्य पदार्थहरु जथाभावी फ्याँक्ने काम नगरौं ।

अनुरोधक :
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान

झुलेनी पोष्ट
सम्पादकीय....

## आँखाको रोगबाट सावधानी अपनाऔं

*केहि दिन देखि प्यूठान सहित देशका विभिन्न ठाउँमा आखाँ पाक्ने रोग  तिव्र रुपमा फैलिएको छ। बर्षातको समयमा पानी परेर रोकिएपछि प्रत्येक बर्ष यो रोगको समस्या देखिने भएता पनि यस बर्ष भने यो रोग प्रकोपको रुपमा फैलिएको पाइएको छ। गाउँघरमा यसलाई आँखा पाक्ने रोग भनेता पनि यसलाई चिकित्सकिय भाषामा कन्जेन्टिभाइटिस भन्ने गरिन्छ। यो रोग एडिनो भाइरसका कारण लाग्ने चिकित्सकहरु बताउछन्।*

*पछिल्लो एक हप्तामा जिल्लाका विभिन्न स्थानमा यस रोगले प्रकोपको रुप लिएको छ। जिल्लाको एक मात्र आँखा अस्पताल प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पतालमा विरामीको भिड लाग्ने गरेको छ। नियमित आँखाका विरामीहरुको तुलनामा यो रोगको प्रकोपको कारण दोब्बरको संख्यामा विरामीहरु आउने गरेको अस्पतालको तथ्यांक रहेको छ। अस्पतालका अनुसार दैनिक १ सय ४५ जना उपचार गर्न आउने गरेका छन्। महामारीको रुपमा फैलन सक्ने भन्दै चिकित्सकहरुले भिडभाड हुने ठाउँहरुमा विशेष सर्तकता अपनाउन सुझाव दिएका छन्। जिल्लाका सामुदायिक तथा निजि विद्यालयहरुले रोगले महामारीको रुप लिन नदिनको लागि संत्रमित विद्यार्थीहरुलाई घरमै बसेर आराम गर्न सुझाव दिएको देखिन्छ।*

*यो रोगको संक्रमण भएमा विरामीहरुको सुरुमा एउटा वा दुवै आँखा सुनिने वा चिलाउने,रातो हुने,कचेरा लाग्ने,टाँसिने, आँसु बगिरहने र घाम वा उज्यालोमा हेर्न अप्ठ्यारो हुने हुन्छ। यो रोग एक ब्यक्तिबाट अर्को ब्यत्तिमा छिट्टै सर्ने भएकाले सावधानी अपनाउनु अत्यन्तै आवश्यक छ। आफ्नो आनिबानीलाई सुधारी विशेष गरि सरसफाईमा ध्यान दिन जरुरी छ। हामीले आफ्नो आँखा मिचिहाल्ने गर्दछौं। यस रोगको संक्रमण भएमा यसो गर्दा छिट्टै संक्रमण फैलने हुन्छ। सकभर हामीले आफ्नो आँखा नमिच्ने, यदि आँखा छोइहाले साबुन पानीले हात धुने वा स्यानीटाइजरको प्रयोग गर्दा संक्रमण हुन बाट बच्न सकिन्छ। बेला बेला सफा पानीले आँखा सफा गर्ने, संत्रमितहरुले प्रयोग गरेको रुमाल ,तौलिया प्रयोग नगर्ने र ब्यत्तिगत सरसफाईमा ध्यान दिन सकेमा यो रोगको संक्रमबाट बच्न सकिन्छ। यि धेरै बिषयहरु हामीलाई थाहा हुँदा हुँदै पनि हाम्रो खराव आनीबानीका कारण यो रोगको जोखिम बढी देखिन्छ। हामीले केहि हुन्न भन्दै वेवास्ता गर्दा संक्रमण फैलिएको छ। यो तर्फ बिशेष ध्यान दिन जरुरी छ। यदि ध्यान दिदाँ दिँदै यो रोगको संक्रमण भएमा विद्यालयहरु, सार्वजनिक कार्यक्रमहरु, सभा समारोह ,विवाह ,पार्टी लगाएत बढी भिडभाड हुने स्थानहरुमा सहभागि नभई संक्रमण फैलिन दिनबाट रोग्न सकिन्छ। प्राय जसो गाउँघरका सामान्य क्लिनिकहरुमा उपचार गराउन खोज्दा आँखाको समस्या झन जटिल बन्ने हुँदा आँखा अस्पतालमै गएर उपचार गराउनु राम्रो हुन्छ। रोग लागेर उपचार गराउनु भन्दा रोग लाग्न नदिनु नै बुद्धिमानी हुन्छ भन्ने भनाईलाई ध्यानमा राखेर यो रोगको संक्रमणबाट बच्नको लागि विशेष सावधानी अपनाऔं। आँफु पनि बचौं र अरुलाई पनि बचाऔं।*

## लैङ्गिक तथा यौनिक अल्पसंख्यकको  पहिचान पाउने संघर्ष



माधव दुलाल

जन्मँदा स्त्रीलिंगी, हुर्कँदा आम महिलाको जस्तै शरीर, स्वभाव र प्रस्तुति (जस्तै : महिनावारी हुने, स्तन बढ्ने, कमलो शरीर भएको, लामो घना कपाल, दाह्री जुँगा नआउने, महिलाको पहिरन लगाउन मन पर्ने, आवाज मसिनो हुने, महिलाकै सर्वनाममा आफूलाई सम्बोधन गराउन मन पराउने र आफूलाई महिलाको रुपमा प्रस्तुत गर्ने) गर्ने व्यक्तिहरुलाई महिला भनेर चिनिन्छ।

जन्मँदा पुलिंगी, हुर्कँदा आम पुरुषको जस्तै शरीर, स्वभाव र प्रस्तुति (जस्तै : शरीरका मांसपेशी कडा विकास हुने, दाह्री जुँगा आउने, स्तन नबढ्ने, महिनावारी नहुने, तुलनात्मक रुपमा कपाल छोटो वा पातलो, आवाज मोटो हुने, तुलनात्मक रुपमा शरीरमा रौं धेरै हुने, पाठेघर नहुने, पुरुषहरुको पहिरन मन पराउने, पुरुषकै सर्वनाममा आफूलाई सम्बोधन गर्न मन पराउने, आफूलाई पुरुषको रुपमा प्रस्तुत गर्ने) गर्ने व्यक्तिहरुलाई पुरुष भनेर चिनिन्छ।जन्मिँदा स्त्रीलिंगी, हुर्कँदा शरीर, स्वभाव र प्रस्तुति केही महिलासँग मिल्ने, केही पुरुषसँग मिल्ने (जस्तै : महिनावारी हुने, स्तन नबढ्ने, तुलनात्मक रुपमा कडा शरीर भएको, दाह्री जुँगा अलिअलि आएको हुन सक्ने, पुरुषको पहिरन लगाउन मन पराउने, पुरुषको सर्वनाममा आफूलाई सम्बोधन गराउन मन पराउने, आवाज तुलनात्मक रुपमा महिलाको भन्दा मोटो हुनसक्ने, आफूलाई पुरुष जस्तो प्रस्तुत गर्ने) व्यक्तिलाई तेस्रोलिंगी (मध्यमलिंगी) पुरुष भनेर चिनिन्छ।

जन्मिँदा पुलिंगी,हुर्कँदा शरीर,स्वभाव र प्रस्तुति केही पुरुषसँग मिल्ने,केही महिलासँग मिल्ने (जस्तै : शरीरका मांसपेशी नरम विकास हुने, दाह्री जुँगा नआउने वा कम आउने, महिनावारी नहुने, स्तन केही बढेको हुनसक्ने, आवाज तुलनात्मक रुपमा पुरुषको भन्दा मसिनो हुनसक्ने, महिलाको पहिरन लगाउन मन पराउने,आफूलाई महिलाको सर्वनाममा सम्बोधन गराउन मन पराउने, आफूलाई महिला जस्तै प्रस्तुत गर्ने) व्यक्तिलाई तेस्रोलिंगी (मध्यमलिंगी) महिला भनेर चिनिन्छ।

जन्मिँदा यौन अंग अस्पष्ट भएको वा पुलिंगी,स्त्रीलिंगी दुवैको आधीआधी भएको बच्चालाई अन्तरलिंगी भनिन्छ। यस्तो बच्चा हुर्कँदा स्वभाव र प्रस्तुतिले पुरुष बन्न पनि सक्छ, महिला बन्न पनि सक्छ। त्यही भएर सानोमै यौन अङ्ग सच्याउने शल्यक्रिया गर्नु उचित हुँदैन। किनकि उ पछि हुर्कँदा पुरुष बन्छ या महिला बन्छ भन्ने कुरा बच्चा हुँदा यकिन गर्न सकिँदैन।समानलिंग प्रति आकर्षण भएका जस्तै : पुरुष पुरुषप्रति महिला महिलाप्रति, मध्यमलिंगीपुरुष मध्यमलिंगीपुरुषप्रति र मध्यमलिंगीमहिला मध्यमलिंगीमहिलाप्रति नै आकर्षित छन् भने त्यस्ता व्यक्तिहरुलाई समलिङ्गी व्यक्ति भनेर चिनिन्छ। कोही व्यक्ति दुई वा दुई भन्दा बढी लिङ्ग प्रति आकर्षित छन् भने त्यस्ता व्यक्तिलाई दुईलिंगी भनेर चिनिन्छ।

### संवैधानिक व्यवस्था

नेपालको संविधानले माथि उल्लेख गरेका नागरिकलाई लैङ्गिक तथा यौनिक अल्पसंख्यक भनेको छ। संविधानको धारा १२ मा लैङ्गिक पहिचान अनुसारको नागरिकता दिने व्यवस्था छ। धारा १८ मा 'लैङ्गिक तथा यौनिक अल्पसंख्यक नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन' लेखिएको छ। संविधानको धारा ३८ को उपधारा ६ मा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था छ। २०७२ साल असोज ३ गते जारी भएको संविधानले पहिलो पटक लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था गरेको छ।

### अन्यमा नागरिकता

संविधानले समलिङ्गी, तेस्रोलिंगी (मध्यमलिंगी),अन्तरलिंगी,द्वयलिंगी नागरिक यौनिक तथा लैङ्गिक अल्पसंख्यक भित्र पर्ने परिकल्पना गरेको छ, व्याख्या गरेको छैन। गृह मन्त्रालयले संविधान जारी हुनुभन्दा अघि १७ पुस २०६९ मा शिक्षा मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र नील हिरा समाजको नाममा बोधार्थ/कार्यार्थ दिएर तत्कालीन सबै क्षेत्रीय प्रशासन कार्यालयलाई यौनिक तथा लैङ्गिक समुदायका (समलिङ्गी, तेस्रोलिंगी, अन्तरलिंगी, द्वयलिंगी) नागरिकलाई 'अन्य' उल्लेख गरेर नागरिकता दिन निर्देशिका जारी गरेको थियो। यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई लिङ्गको महलमा 'अन्य' जनाई नागरिकता जारी गर्ने सम्बन्धी निर्देशिका अनुसार २०७९ सम्म १३९८ जनाले 'अन्य' लैङ्गिक पहिचानमा नागरिकता लिइसकेका छन्।

गृह मन्त्रालयको नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाका अनुसार ७७ वटै जिल्ला प्रशासन कार्यालयले हालसम्म १३९८ जनालाई 'अन्य' पहिचानमा नागरिकता जारी गरेका छन्। गृह मन्त्रालयको सिफारिसमा लिङ्ग परिवर्तन गरेका १० जनाले परिवर्तित लैङ्गिक पहिचानमा नागरिकता लिइसकेको शाखा प्रमुख एवं सहसचिव रुद्रादेवी शर्माले जानकारी दिइन्। '२६ जनाको परिवर्तित लैङ्गिक पहिचान अनुसार नागरिकता पाउनका लागि सिफारिस आएको छ,'शर्माले भनिन,' चिकित्सकको प्रमाणपत्रसहित जिल्ला प्रशासन कार्यालयबाट आएको सिफारिस अनुसार मन्त्रिपरिषद्ले निर्णय गरेपछि परिवर्तित लैङ्गिक पहिचानमा नागरिकता दिने गरिएको थियो।'

केटाबाट केटी र केटीबाट केटा देखिन हर्मोन प्रयोग गर्नेहरुमा पनि समस्या देखिने गरेको छ। आफू जे हो त्यसैमा रहन दिनुपर्नेमा मनले चाहे अनुसार शारीरिक बनावटनै बदल्न हर्मोन प्रयोग गर्दा जटिल स्वास्थ्य समस्या निम्तिरहेका छन्। विज्ञानले लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिलाई प्राकृतिक, स्वाभाविक मानिसकै को छ तर समाजका कतिपय मानिसहरु भने विपरीतलिंगी महिला र पुरुष बिच मात्र आकर्षण हुनुपर्छ र यो नै प्राकृतिक नियम हो भन्ने मान्यता राख्छन्।

### जटिल शल्यक्रिया

आफूलाई महिला या पुरुष नठान्नेहरु मध्ये केहीले महिला र पुरुष मध्ये एक रोजेर जटिल शल्यक्रिया नै गरेका छन्। उनीहरु आफूलाई पारलिंगी अर्थात् महिला र पुरुषबाट पार भएको (ट्रान्सफर्मेशन) मान्दछन्। फरक लैङ्गिक गुण र विशेषता भएका धेरै मानिसहरु आफूमा नै लैङ्गिक विकृति ९जेण्डर डिस्फोरिया० भएको मान्यता राख्दछन्। जेण्डर डिस्फोरिया भन्नाले आफ्नो शरीरका लैङ्गिक अङ्गहरुमाथि चरम असन्तुष्टि बुझिन्छ। उनीहरु आफूलाई महिला या पुरुष बनाउनका लागि लिङ्ग प्रत्यारोपण ९सेक्स रिअसाइन्मेन्ट सर्जरी०, स्तन हटाउने वा स्तन प्रत्यारोपण, लिङ्ग छेदन, हर्मोन थेरापी जस्ता अनावश्यक, महँगो र सम्भावित हानिकारक उपचार पछ्याइरहेका हुन्छन्। उनीहरु आफू एक पुरुष या महिला नहुनुलाई सामाजिक समस्या र रोग सम्झन्छन्। अन्ततः उनीहरु आफू गलत शरीर लिएर जन्मेको ठान्दछन्। महिला या पुरुषको अस्तित्व मात्रै स्वीकार भएकाले या पुरुष या त महिला मात्र बन्नु पर्ने अनिवार्यताका कारण जो महिला या पुरुष होइनन्, उनीहरुलाई रोगी घोषणा गरि दिएर चिकित्सकीय उपचारद्वारा भए पनि महिला या पुरुषमा नै रुपान्तरण हुन बाध्य बनाउँछ।त्यसकारण ट्रान्सजेण्डर (पारलिंगी) शब्दमा यो ट्रान्स भन्ने शब्दले रुपान्तरण भन्ने जनाउँछ, जसले आफू प्राकृतिक रुपमा जे छ त्योबाट परिवर्तित होऊ भन्छ। यस्तो विश्वासले मध्यमलिंगी (तेस्रोलिंगी) व्यक्तिहरु जो आफूलाई महिला या पुरुषको रुपमा स्थापित भएको पाउँदैनन्, आफैंलाई नै समस्याग्रस्त या रोगी ठान्दछन्।

पारलिंगी महिलाको खेलकुदमा महिलासँग प्रतिस्पर्धात्मक सहभागितालाई लिएर महिला खेलाडीहरुले नै असन्तुष्टि र विरोध जनाए। जसले गर्दा पुरुषहरुको ओलम्पिक खेल छुट्टै, महिलाहरुको छुट्टै भए पनि मध्यमलिंगीहरुका लागि छुट्टै खालको खेलकुदको आयोजना ओलम्पिकले गर्दैन। नेपालमा शल्यक्रिया नगरी पुरुष जन्मेकाहरुले महिला र महिला जन्मेकाहरुले पुरुष लैङ्गिक पहिचानमा नागरिकताको माग गरेर निवेदन दिन थालेका छन्। अन्यको नागरिकता लिएकाले समेत लिङ्ग परिवर्तन गरेर महिलाको नागरिकता लिएका छन्। क्यानडाको जेलमा पारलिंगी महिलालाई महिला नै हो भनेर महिला कैदी बन्दीसँग राखिएको घटना सबैले उल्लेख गर्ने दृष्टान्त नै बनेको छ। पारलिंगी महिला जन्मँदा पुरुष थिए। उसले जेल भित्र महिला कैदी माथि बलात्कार गरेको घटनाले क्यानडामा अहिले शल्यक्रिया गरेरै भए पनि पुरुष या महिला बन्नै पर्ने बाध्यतामा परिवर्तन भएको छ। महिला या पुरुष नै बन्नु पर्ने मान्यता राख्ने देशहरुको नक्कल नेपालमा भित्रिएको छ, जसले आफू जे हो त्यसै अनुसार चल्ने यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुलाई चुनौती दिएको अधिकारकर्मीहरु बताउँछन्। नेपालमा जस्तै 'जस्तो रुपमा हुर्कँदै बढ्दै जान्छ' त्यस्तै स्वीकार गर्न थालिएको छ। सन् १९९० भन्दा अगाडी समलिङ्गी र तेस्रोलिंगी हुनुलाई विश्व स्वास्थ्य सङ्गठनले मानसिक रोगकै सूचिमा राखेको थियो। १९९० मे १७ मा समलिङ्गी, तेस्रोलिंगी हुनु कुनै मानसिक रोग नहुने भनेर विश्व स्वास्थ्य सङ्गठनले घोषणा गर्‍यो। यो घोषणापछि नेपालका यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुले समलिङ्गी, तेस्रोलिंगी घृणा विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाउँदै

बाँकी ७ पेजमा.......

# कम्युनिष्ट धान्ने सवाल



भक्तेन्द्रराज वैद्य

कम्युनिष्ट बन्नु सजिलो छैन। कम्युनिष्टको गुदीभनेको विचार र सिद्धान्त हो। कार्यदीशाहो। आफूलाई बदलेर समाजबदल्नु हो कम्युनिष्ट। बदलेर मात्रहोइन रक्षागर्नु पनिहो कम्युनिष्ट। यसको वर्गीय धर तल हुन्छ। सर्वहारा वर्गीय चरित्र हो कम्युनिष्ट। सिद्धान्ततः कम्युनिष्टले संपत्तीको आर्जन गर्दैनन्। सम्पत्तीको लोभ लालसागर्दैनन्। तर व्यवहारिक रुपमा यस्तो हुनसक्दैन। कम्युनिष्ट हो ल टाइमरले भने गाउँमाजहाँ जान्छ त्यहीं उसको बास हुन्छ। गास हुन्छ जनताले नै यसलाई पालेका हुन्छन्। तर जबजस्तीले होइन। समाजबदल्ने जनताको सपना हुन्छ त्यसैले उनीहरुले कार्यकर्तालाई सहयोग गरिरहेका हुन्छन्। कम्युनिष्ट भन्दैमा सबै एकै हुदैनन्।

कोहीले कम्युनिष्टको भारी धान्न सकेकाहुदैनन्। उनीहरुलाई कम्युनिष्ट पहाड बनेको हुन्छ। जसरी भएपनिउनीहरुले आफ्नो अस्तित्व देखाउनु परेको हुन्छ। कम्युनिष्ट सिर्जनशीलहोइनखोपीको देवतावने को हुन्छ। त्यहीखोपी संसार बन्छ। बदलिदो परिस्थितिमाउनीहरु बस्न सक्दैनन्। त्यसैले पार्टी सानो हुदैगएर चुलो चौकामा बदलिन्छ। २।४ जनामानिस लिएर रत्नपार्कको शान्तिबाटीकामा अथवामाईती घर मण्डेलामा झण्डा बो केरप्रहर्सनगरेका हुन्छन्।

साम्राज्यवाद विरुद्ध लड्ने त के कुरा सम्राज्यवाद विरुद्ध लड्ने विरुद्ध जेहाद छेडेका हुन्छन्। खोइरो खनेका हुन्छन्। एक्ले वीर बनेर दुनियाहसाएका हुन्छन्। अहिले साम्राज्यवादले घेरा हाल्नलागेको वेला साम्राज्यवाद विरुद्ध लड्ने मोर्चा बनाउँदाउनीहरुको होस हवास उड्छ। अहिले ३।४ पार्टी मिलेर समाजिकमोर्चाबनाउदाउनीहरुको सातोपुत्लो गएको हुन्छ। वास्तवमा समाजवादको तयारी गर्न समाजवादी मोर्चा आवश्यक हुन्छ। अहिले ने क पा, माओवादी केन्द्र, जसपा र समाजवादी एस मिलेर एउटा मोर्चा निर्माण भएको अवस्था छ। यसलाई छिन्न भिन्नपार्न यथास्थितिवादीतथा संशोधनवादीले प्रोपोगण्डा मच्चाई रहेका छन्। संसदीयचुनावबहिष्कार गर्दा पनि विरोधका स्वरहरु नआएका होइनन्। संसदवादी पार्टीहरुले त विरोध गरे नै। यसको पराकाष्ठा पार्टी माथिप्रतिवन्धलगाएर सयौं कार्यकर्तालाई जेलमा राखे।

यो संसदीयव्यवस्था विरुद्धको एउटा संघर्ष थियो। कम्युनिष्टमा एकता,संघर्ष र रुपान्तरण हुन्छ। नयाँआधारमानयाँएकता हुन्छ। समाजमा वर्गसंघर्ष रहदा सम कम्युनिष्ट हराउँदैन। अथवा धनि र गरिब हुदासम्मकम्युनिष्ट हराउँदैन। एउटा बारीको सुर्को रहदा सम्म संपत्तीको मोह हराउँदैन। त्यसैले मानिसहरु कम्युनिष्टमाआउन सक्दैनन्। मानौं एकलाख गुमाउँछ मानिस तर एक हजारमामायाँ हुन्छ। आए संसार आउँदछ गए एउटा जीवन।

समाजवादमा योग्यताअनुसार काम, कामअनुसार माम हुन्छ। तर साम्यवादमाभने योग्यताअनुसार कामआवश्यकताअनुसार माम हुन्छ। साम्यवाद धेरै टाढाको करा हो। अहिले हामीहरु समाजवादको लागि लडिरहेका छौं। अझभनौंभने वैज्ञानिक समाजवादकालागि। यसमानिशुल्कशिक्षा हुन्छ। स्वस्थ्यनिशुल्क हुन्छ। निजीकरणको अन्त्य हुन्छ। गास बास कपासको गरे न्टी हुन्छ। संसदीयव्यवस्थामा जस्तो भ्रष्टाचार कमिशनखोर हुदैन। सबै कुरा सामाजीकरण हुन्छ। बलात्कारीलाई मृत्यू दण्ड दिइन्छ। समाजिक सुरक्षा हुन्छ। तर नेपालमाभने एउटा कम्युनिष्ट पार्टीले अर्को कम्युनिष्ट पार्टीको खुइरो खनेको हुन्छ। नामधारी हुन्छन् धेरै जसो कम्युनिष्टहरु। कम्युनिष्टको साईनबोर्ड हुन्छ बस। एउटा कम्युनिष्ट दलालबनेर पुँजिबादको सेवागरिरहेको हुन्छ। सय किलो बढी सुन एयरपोर्टबाट बाहिर आउँदछ। ठूला भनाउदाहरुको मिलिमतो विना यो कामहुनसक्दैन। यसको बारेमा सरकारले जवाफदिनसक्नु पर्छ। अन्यथा सरकार जवाफदेही हुन्छ। नेपालमा लूटको धन्दा हुन्छ। यसलाई लूटको स्वर्ग पनि भन्छि। कालापानी, लिपुलेख, लिम्पियाधुरा भारतको कब्जामा रहेको छ। आयातमामुद्रासंचिति छ। अहिले भारतले नाकामा नेपालआउने चामल रोकिहेको अवस्था छ। यसमा खै सरकारको प्रतिकृया? गठबन्दनको सरकार यस्तै हुन्छ कि?

यी तमाम विकृति विसंगति विरुद्ध नेकपाले विरोध गरेकको सुनिन्छ तर कम्युनिष्ट भनाउँदाहरु मौन बसेका छन्। अबयसप्रकारको असफल संसदीयव्यवस्थाखारेज गर्नु पर्छ। संसदीयव्यवस्थामाभागलिएर केहीहुनेवाला छैन। भागलिएमा यस्तै हुने हो। एमसीसीको सम्झौतादलालहरुले गरिसको। अब सबै सच्चावामहरु एकजुट भएर कामगर्नुपर्छ। कुर्सीमात्रखोजेर हुदैन। कुर्सीको लोभमा नै कम्युनिष्टहरु फुटेकाहुन्। देशको परिस्थितिअनुसार कम्युनिष्टहरु सिर्जनशील हुनुपर्छ। अब सानो चौको बस्न हुदैन। यो एउटा बृद्ध पत्तिकारको भनाई हो।

लेखक प्रेस स्वतन्त्रता सेनानी हुन।

सेवा गर्ने मौका दिनुहोस्

हामी कहाँ सिमेन्ट , सरिया ,इटा जि.आई, पि.वि.जि. एच.जि.पि पाइप, पाइप फिटिंग, कर्कटपाता, पानी ट्यांकी तथा निर्माण सम्बन्धि सम्पुर्ण सामग्रीहरु सुपथ मुल्यमा पाइन्छ।

नगद कारोवार गर्नेलाई बिशेष सुविधाको ब्यवस्था छ।

प्रोपाइटर : विपिन श्रेष्ठ
सम्पर्क नं.: ९८५७८३३७६२

मल्लरानी ट्रेर्डस
प्यूठान न.पा.४ जुम्री प्यूठान

एक पटक सेवा गर्ने मौका दिनुहोस्

हामी कहाँ सिमेन्ट , सरिया ,इटा जि.आई, पि.वि.जि. एच.जि.पि पाइप, पाइप फिटिंग, कर्कटपाता, पानी ट्यांकी तथा निर्माण सम्बन्धि सम्पुर्ण सामग्रीहरु सुपथ मुल्यमा पाइन्छ।

प्रोपाइटर : बद्री श्रेष्ठ
सम्पर्क नं.: ९८५७८२०६८२
९८४४५०९६७०
०८६-४६०६४१

लक्ष्मी ट्रेर्डस
प्यूठान न.पा.४ जुम्री प्यूठान

शाह मेडिकल तथा खत्री मेडिकल हल
प्यूठान न.पा.-४, जुम्री प्यूठान
फोन नं.: ०८६-५९०४५१, ९७४६५१२५९५

पेट, कलेजो तथा आन्द्रा सम्वन्धी यी लक्षण /समस्याहरु छन ???




यहि भदौ २२ गते शुक्रबार
विशेषज्ञ डाक्टरसंग परिक्षण तथा उपचार गराउनुहोस
बरिष्ठ पेट, आन्द्रा तथा कलेजो रोग विशेषज्ञ



डा. अरुण ज्ञवाली
Gastroenterologist & Hepatologist
MBBS(TU), MD Internal Medicine (TUTH-IOM),
DM Gastroenterology & Hepatology (TUTH-IOM)
त्रि. वि. शिक्षण अस्पताल, महाराजगंज काठमाण्डौ

शाह मेडिकल तथा खत्री मेडिकल हल, जुम्री प्युठान

कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस

उन्नत स्थानीय हाइब्रिड जातका तरकारी तथा अन्नबालीका बिउ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैंसी बाख्राको दाना, गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको लागि औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

व्यवस्थापक :
कल्पना शर्मा पौडेल
प्राविधिक सल्लाहकार :
गिरीराज पौडेल

किसान एग्रोभेट,
किसान एग्री एण्ड फिड सप्लायर्स
प्यूठान न.पा.-४, जुम्री प्यूठान

सम्पर्क फोन :
९८४७८३९१४३, ९८६८६६८९८८

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।

# आँखाको समस्या देखिएमा आँखा अस्पताल आउनुस :ठकुरी

प्यूठान संगै देशभर आँखा पाक्ने रोग (कन्जेन्टिभाइटिस)को संक्रमण फैलिएको छ। दिनानुदिन यस रोगको संक्रमण बढ्दो छ प्यूठान जिल्लामा रहेको आँखा अस्पताल प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवार प्यूठानमा रहेको छ पछिल्लो एक हप्तामा प्रकोपको रुपमा फैलिएको आँखा पाक्ने रोगका बिरामीहरु दैनिक रुपमा १ सय ४५ जना सम्म आँखा अस्पतालमा जाने गरेका छन्। यो महामारीको रुपमा फैलिन सक्ने भन्दै चिकित्सकहरुले विशेष सतर्कता अपनाउन सुझाव दिईरहेका छन्। यसै सन्दर्भमा प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवारका प्रमुख लक्ष्मी मल्ल ठकुरी संग झुलेनीपोष्टकर्मी बोम बहादुर परियारले गरेको कुराकानीको सारसंक्षेप :

● लक्ष्मी जि, यहाँलाई हार्दिक स्वागत छ ?

धन्यवाद

● देशभरी आँखा पाक्ने रोगको संक्रमण फैलिएको समाचार आईरहेका छन्। प्यूठान जिल्लामा आँखा पाक्ने रोगको अवस्था कस्तो छ ?

अहिले नेपालभर नै यो बिरामीको चाप एकदमै बढिरहेको देखिन्छ, हाल जिल्लामा यहाँमात्र नभएर स्वर्गद्धारी नगरपालिका र गौमुखी गाउँपालिकामा नरेन्द्र गायत्री आँखा अस्पतालको शाखा रहेका छन् । प्रत्येक दिन हामीलाई त्यहाँबाट रिपोर्टिङ आइरहेको हुन्छ । आँखा पाक्ने रोग एकदमै व्यापक छ । बिरामीको कुरा गर्ने हो भने दिनप्रतिदिन बिरामीको चाँप बढ्दै गएको छ । यो मात्र कन्जेन्टि भाइटिसकै बिरामीहरु हुनुहुन्छ, त्यसैले पछिल्लो एकसातामा बिरामीहरुको चाँप एकदमै बढिरहेको छ ।



● आँखा पाक्ने रोगका लक्षणहरु के के हुन सक्छन् कस्तो हुन्छ सुरु-सुरुमा?

सुरुसुरुमा आँखा बिभाउने, अलिअलि चिलाएजस्तो हुने र आँखा रातो हुँदै जाने अनि आँशु प्रसस्त मात्रामा झर्ने, यो हुँदा बित्तिकै बुझ्नुपर्‍यो कि मलाई (कन्जेन्टिभाइटिस) आँखा पाक्ने रोग भयो भनेर । त्यसकारणले बिरामीहरुले नजिकको आँखा अस्पतालमा गएर आफ्नो आँखाको जाँच गराईहाल्नुपर्छ । सुरुका लक्षण यहि नै हुन्छ ।

● तपाई एउटा आँखा सम्बन्धि स्वास्थ्यकर्मी पनि हो, स्वयम आँखा अस्पतालमा हुनुहुन्छ, कति बिरामीहरु आउनुहुन्छ दैनिक यहाँ ?

पहिले भन्दा अहिले अलि बिरामीको चाँप एकदमै बढि नै हो । पहिले सामान्य रुपमा ८०/९० जना आँखाका बिरामीहरु आउने गर्नुहुन्थ्यो भने अहिले दैनिक कन्जेन्टिभाइटिसका मात्रै ५० भन्दा बढि नै बिरामीहरु आउनुहुन्छ। एकै दिन १ सय ४५ जना समेतको उपचार गरेका छौं।

● आँखा पाकेका बिरामीहरुलाई के कस्तो उपचार गरेर पठाउनुहुन्छ ?

सर्वप्रथम हामीले दिने भनेकै एन्टिबायोटिक नै हो ।

● सुरुमै एन्टिबायोटिक चलाउनुहुन्छ?

हजुर हजुर हामीले केस हेरेर उपचार गर्छौं, आँखा रातो भएको छ,आँखाको नानीहरुमा कुनै चिजले कोतारेको अथवा घाउहरु छैन भने उनिहरुलाई हामी एन्टिबायोटिक नै दिन्छौं । र कन्जेन्टिभाइटिस पनि फरकफरक किसिमको हुन्छ, अहिले यो व्याक्टेरियल कन्जेन्टिभाइटिस भाइरल कन्जेन्टिभाइटिस हो । अर्को एलर्जी कन्जेन्टिभाइटिस पनि हुन्छ जुन एकदमै आँखा चिलाउने हुन्छ । तर अहिलेको हकमा यो रोग भनेको भाइरल कन्जेन्टिभाइटिस आँखा पाक्ने रोग हो।

● आँखा पाक्ने यो रोग बढी बच्चाहरुमा छ की अथवा बृद्धाहरुमा?

अहिले यो रोग बृद्धाहरुमा भन्दा पनि बच्चाँहरुमा देखिने गरेको छ । बच्चाहरुमा एकदमै खेल्ने प्रवृति हुन्छ, बच्चाहरुले मोबाइल खेलाउने प्रवृति हुन्छ, बच्चाहरुले हरेक चिजहरुलाई झ्याप्प छोइदिने र आँखा मिच्ने हुनाले हाम्रो उमेरका भन्दा बच्चाहरुमा बढि नै हुन्छ ।

● अहिले शहर तिर भन्दा पनि गाउँतिर कन्जेन्टिभाइटिस अथवा आँखा पाक्ने रोगका बिरामीहरु बढ्दै छन्, उनीहरुलाई यो रोगबाट बच्नको लागि के - के उपायहरु अपनाउन सक्छौं ?

सर्वप्रथम आँखा छुनुभन्दा अगाडी र छोइसकेपछि साबुन पानीले मज्जासँग हात धुने, अनावश्यक आँखामा हात नलैजाने, सकेसम्म भिडभाडमा नजाने, यदि गइहाले पनि चस्माको प्रयोग गर्ने, आफ्नो रुमाल, टवेल छुट्टाछुट्टै प्रयोग गर्नुपर्‍यो । संक्रमित भइसकेको व्यक्तिको नजिक नजाने ।

● हवस धन्यवाद समय दिनुभयो, साथसाथै अन्तिममा आँखा पाक्ने रोगका बिषयमा केहि थप्न चाहानुहुन्छ?

अहिले यो कन्जेन्टिभाइटिस एडिनो भाइरसको कारणले फैलिरहेको छ। सबैजना सर्तक रहनुस, भिडभाडमा धेरै नजानुस, र तपाईलाई आँखा चिलाउने, आँखा दुख्ने, आसु आउने, लगायतका लक्षण देखियो भने तपाईलाई थाहा हुनुपर्‍यो कि मलाई अहिले कन्जेन्टिभाइटिस आँखा पाक्ने रोग लाग्यो भनेर । त्यसैले नजिकको आँखा उपचार केन्द्रमा गएर आफ्नो आँखाको उपचार गराउने, आवश्यकताको आधारमा औषधी प्रयोग गर्ने, साथसाथै तपाई लगायत तपाईको मिडियालाई पनि धेरै धेरै धन्यवाद दिन चाहान्छु अहिलेको जल्दोबल्दो बिषयमा केही कुरा राख्ने अवसर दिनुभयो। हाम्रो यस प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल र मेरो व्यक्तिगत तर्फबाट पनि धन्यवाद ।

# के हो आँखा पाक्ने समस्या ?

## यस्ता छन् सावधानीका ८ मन्त्र

मौसम परिवर्तनसँगै अहिले धेरैमा आँखा रातो हुने समस्या देखा परेको छ। अझै यो समस्या विद्यालय जाने बालबालिकामा धेरै देखिएको छ।

आँखा रातो हुनुको प्रमुख कारणमध्ये आँखा पाक्नु एक हो, जसलाई हामीले कन्जक्टिवाइटिस भन्ने गर्छौं। यदि




कसैको आँखा पाकेमा वा रातो भएमा यो त सामान्य समस्या हो भनेर बस्नु हुँदैन।

आँखा पाक्ने समस्या कुनै पनि उमेर समूहमा हुन सक्छ। र, एउटा वा दुवै आँखामा रोग देखिन सक्छ। आँखामा देखिने समस्या धेरै प्रकारका हुन्छन्। एलर्जिक, जीवाणु (ब्याक्टेरिया) र भाइरसका कारण आँखामा समस्या देखिन्छ।

जीवाणु कन्जक्टिवाइटिस एउटा आँखामा हुन्छ तर कहिलेकाहीँ दुवै आँखामा पनि हुन सक्छ। आँखा पाक्दा आँखाबाट पिप जस्तो पदार्थ निस्किन्छ र बिहान उठ्दा आँखा खोल्न गाह्रो हुन सक्छ। परेली टाँसिएको अनुभव हुन्छ। यो समस्या अहिले जताततै देखिएको छ।

भाइरस कन्जक्टिवाइटिस एउटा आँखाबाट सुरु हुन्छ र सुरु भएकै केही दिनमा अर्को आँखालाई पनि असर गर्न सक्छ। यस्तो अवस्थामा आँखाबाट धेरै आँसु र पानी आउने हुन्छ। कानको अगाडिको भाग (प्रि-ओरिकुलर लिम्फ नोड) सुन्निने र दुख्ने गर्छ।

एलर्जिक कन्जक्टिवाइटिसमा आँसु धेरै आउने र चिलाउने गर्छ। यो धेरै जस्तो मौसम परिवर्तनको समय वा धुलो-धुवाँका कारण हुने गर्छ।

आँखा पाकेमा ध्यान दिनुपर्ने विषय

१) साबुन पानीले राम्ररी हात धुनुपर्छ।
२) आँखा सफा राख्नुपर्छ। आँखाबाट निस्केको पिप जस्तो पदार्थ सफा कपास वा नरम कपडाले समय-समयमा सफा गर्नुपर्छ र त्यसपछि राम्ररी साबुन पानीले हात धुनुपर्छ।
३) फोहोर कपडा वा लगाइरहेको लुगा, सारीको आँचल वा हातले आँखा पुछ्नु हुँदैन।
४) दिनदिनै लुगा र चलाएको रुमाल फेर्नुपर्छ।
५) आँखामा लगाउने शृंगारको प्रयोग गर्न बन्द गर्नुपर्छ।
६) अरुको लुगा, रुमाल र आँखामा लगाउने निजी शृंगारको उपकरण एकापसमा प्रयोग गर्नु हुँदैन।
७) आफूखुसी औषधि प्रयोग गर्नु हुँदैन र आँखा विशेषज्ञलाई देखाउनुपर्छ।
८) आँखा बेस्सरी मिच्नु हुँदैन। किनकि, यसो गर्दा कर्नियामा घाउ हुन सक्छ।

कहिलेकाहीँ आँखा पाक्ने मात्रै नभई अरु रोग जस्तै: युभेटिसले गर्दा पनि आँखा रातो हुन्छ, जुन उचित समयमा उपचार नगरिएको अवस्थामा गम्भीर रुप लिन सक्छ। जसका कारण आँखाको ज्योति गुम्ने खतरा पनि हुन सक्छ।

त्यसैले आँखा रातो भएमा आफूखुसी औषधि प्रयोग गर्नुभन्दा आँखा विशेषज्ञलाई बेलैमा देखाउनु उत्तम हुन्छ।

(डा मल्ल नेत्र/आँखा रोग विशेषज्ञ हुन्।)


## बाढी पहिरोबाट बचौं र बचाऔं

जथाभावी रुपमा सडक निर्माण गर्दा र अत्यधिक वन विनाशका कारण बाढी पहिरो र भु-क्षय जस्ता प्राकृतिक विपत्तिको जोखिम बढ्ने भएकाले वनजंगल जोगाऔं, खाली ठाउँमा वृक्षारोपण गरौं, बाढी पहिरोबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं।

अनुरोधक :
डिभिजन वन कार्यालय प्यूठान

झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा सञ्चालित
झुलेनी पोष्ट साप्ताहिकमा खबर, सुचना, विज्ञापन लेख रचना पठाउनका लागि, फोन : ०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

# वडाध्यक्षको नेतृत्वमा मल्लरानी -३ का स्थानीयद्धारा सडक मर्मत

**बोम बहादुर परियार**
**झुलेनी पोष्ट**



मल्लरानी ३ मा एक सय भन्दा बढि स्थानीयको सहभागीतामा जनश्रमदान गरिएको छ।

पछिल्लो समय जिल्लामा सरकारी कामकाजमा जनश्रमदानलाई अनिवार्य गरिएता पनि स्थानीयको सक्रियता कमी भएको भन्दै जनताको सहभागितामा जनश्रमदानलाई थालनी गरिएको हो। मल्लरानी गाउँपालिका वडा नं. ३ भरमपानी देखि रस्पुरकोट गिरचौर शिरकोट हुँदै मल्लरानी गाउँपालिका वडा नं. ५ को सरडकोटसम्म जोड्ने मोटरबाटोको शनिवार मर्मत गरिएको हो।स्थानिय जनतासँगै मल्लरानी गाउँपालिका वडा नं. ३ का वडाध्यक्ष नोम राज पौडेल जनतालाई हौसला प्रदान गर्दै मोटरबाटो मर्मतमा सहभागी भएका छन्। वर्षातले गर्दा मोटरबाटोका विभिन्न स्थानमा पहिरो गएको, भलको कारण खाल्डाखुल्डी परेको तथा बाटोको दायाँबायाँ रहेका बुट्यानहरु हटाउने काम स्थानीयहरुले गरेका हुन्।

वर्षातको समयमा आफ्नो बाटो आफै बनाउँ भनेर सबै घरधुरीबाट आएका छौं स्थानीय समाजसेवी ठमान सिंह रानाले भने-" वडाध्यक्ष नोम राज पौडेल न्यू आउनुभयो, आफै खन्नुभयो हामीलाई हौसला प्रदान गर्नुभयो उहाँको हातमा फोरा समेत परेका छन् उहाँसँगै काम गर्दा हामीलाई थकानसमेत महसुस भएन।"अर्का स्थानीय समाजसेवी देवराज पौडेलले हरेक वर्ष यस्तै बाटो मर्मत गर्नुपर्ने बाध्यता भएकोले नालीसहितको बाटोको स्तरोन्नतीको व्यवस्था गाउँपालिकाले गर्नुपर्ने बताए। साथै सानातिना कामहरु गाउँपालिका,वडाबाट आस नगरि यस्तै जनश्रमदानबाट गर्नुपर्ने भन्दै उनले भने-"३ नं. वडाका वडाध्यक्ष जनतासँगै आउनुभएको छ,अरु वडाध्यक्षहरुले पनि जनतासंग मिलेर काम गरे राम्रो हुन्थ्यो। "गाउँघरमा बसेर तास खेलेर समय खेर पाल्नुभन्दा आफ्नो गाउँ, आफै बनाउँ भनेर साना तिना समस्या समाधान गरेर मर्मतको लागि छुट्टिएको पैसा अरु ठाउँमा खर्च गर्न सकिने पौडेलले बताए।

गाउँमा गाडी नआएर यातायातमा समस्या परेकोले 'एक घर, एक व्यक्ति' आएर काम गरेका छौं, वर्षातको समयमा पनि सवारी साधन चल्न सजिलो भएको छ स्थानिय रिता ठेडीले भनिन-" जनश्रमदान गर्दा हामी खुसी छौं, हाम्रै बाटो मर्मत भएको छ" त्यस्तै स्थानियबासी सिता आचार्यले गाउँका मान्छेहरु बिरामी पर्दा गाडि बोलाएर अस्पताल जानुपर्ने भएकोले जनश्रमदानमा आफुहरु जुटेको बताइन्।स्थानियसँगै जनश्रमदानमा जुटेका मल्लरानी गाउँपालिका वडा नं. ३ का वडाध्यक्ष नोम राज पौडेलले वर्षातको समयमा भलले गाउँका मोटरबाटाहरु बिग्रिएको भन्दै जनश्रमदान मार्फत मर्मत गर्नुपर्ने बताए। ठुला पहिरोहरु डोजर मार्फत गाउँपालिकाबाट बजेटको व्यवस्था गरि सुचारु गर्ने काम भएको छ अब सानातिना समस्यालाई जनताले जनश्रमदान गर्दा बजेटको सदुपयोग हुन्छ वडाध्यक्ष पौडेलले भने-" सधैंभरी चल्ने बाटोको रुपमा यो बाटोलाई बनाउने गरि ९ लाख बजेटको व्यवस्था भएको छ, स्थानियको माग अनुसार नाली बनाउने काम यो आर्थिक वर्षमा सुरु हुन्छ।"

जनश्रमदान गर्ने परिपाटी हट्न खोजेको भन्दै वडाध्यक्ष पौडेलले अब जनताको सहभागितामा जनश्रमदानलाई व्यापक बनाउनुपर्ने बताए। यो अभियानमा जुट्न उनले सबैलाई अपिल समेत गरेका छन्।यस बाटोमा स्थानियहरुले नियमित रुपमा सार्वजनिक सवारी साधन सुचारु गर्न समेत माग गरेका छन्।

# छोटकरी

## डेंगी रोकथामका लागि अन्तरक्रिया



**झुलेनी पोष्ट**
**प्यूठान**

जिल्लामा डेंगी रोग फैलन नदिन जिल्ला स्वास्थ्य कार्यालय प्यूठानले बुधवार स्थानीय तहका प्रमुख/उपप्रमुख सहित सरोकारवाला निकायसंग अन्तरक्रिया कार्यक्रम गरेको छ।

जिल्ला स्वास्थ्य कार्यालय बिजुवारमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको हो। स्थानीय तहहरुसंग समन्वय गरेर डेंगी रोगबारे सचेतना, जागुरुक गर्ने कार्यक्रम बनाइएको स्वास्थ्य कार्यालयले जनाएको छ।

जिल्लाका ९ वटै स्थानीय तहका विद्यालयहरु मार्फत जनचेतना फै लाउने, जिल्ला अस्पताल लगायत सबै स्वास्थ्य संस्थाहरुलाई तयारी अवस्थामा राख्ने, स्थानीय सञ्चारमाध्यम मार्फत जिंगल उत्पादन गरेर प्रशासरण गर्ने योजना बनाइएको जिल्ला स्वास्थ्य कार्यालय प्यूठानका प्रमुख हेमराज पाण्डेले बताए।

डेंगी 'एडिस एजिप्टी र एसिड एल्बोपिक्टस' प्रजातीको लामखुट्टेहरुको टोकाइबाट सर्ने भएकाले लामखुट्टे बस्ने स्थानहरुको खोजीगरी नष्ट गर्नपर्ने पाण्डेको भनाइ छ।अन्तरक्रिया कार्यक्रमपछि जोखिम क्षेत्र प्यूठान नगरपालिका ४ नयाँबजार स्थित बसपार्क क्षेत्रमा सरोकारवाला निकायसंग संयुक्त अनुगमन गरीएको स्वास्थ्य कार्यालय प्यूठानले जनाएको छ। अन्तरक्रिया कार्यक्रममा जिल्लाका स्थानीय तहका प्रमुख/उपप्रमुख, प्रमुख जिल्ला अधिकारी लगायतको सहभागिता थियो। स्वास्थ्य कार्यालय प्यूठानका अनुसार जिल्लामा अझैसम्म कुनै पनि बिरामीमा डेंगी संक्रमण देखिएको छैन्।

## सरुमारानीको हंसपुरमा बन्यो खानेपानी आयोजना



प्युठानको सरुमारानी गाउँपालिका-३, हंसपुरमा बनेको खाने पानी आयोजनाको उद्घाटन गरिएको छ। हंसपुर बृहत लिफ्ट खानेपानी आयोजना निर्माण सम्पन्न भएपछि एक कार्यक्रमको आयोजना गरी उद्घाटन गरिएको हो।अब यहाँको खानेपानीको समस्या टरेको छ।

भर्खरै सम्पन्न भएको हंसपुर बृहत लिफ्ट खानेपानी योजनाबाट साविक हंसपुर गाविसका वडा नम्बर १,२,३ र ४ मा रहेका डाडाटोल, गाहाचौपारी, गोठेरी सजिकोट लगायतका स्थानमा बस्ने ३ सय ४२ घरधुरी लाभान्वित हुने सरुमारानी गाउँपालिकाका प्रवक्ता एवं सरुमारानी वडा नं.- ४ का वडा अध्यक्ष चिन्ता बहादुर सोमै मगरले जानकारी दिए। उनले भने, -'प्रत्येक घरमा एक घर १ धारा जडान गरिएको छ।'

गाउँपालिका अध्यक्ष विश्वकर्माले अहिलेसम्म पालिकाभरि का २ हजार ६ सय ६६ घरमा पानीको धारा पुगेको र तीनवटा ठुला आयोजना निर्माणाधीन अवस्थामा रहेको बताएका छन्। स्थानियको धेरै मेहेनत र लगानीमा योजना निर्माण भएको उल्लेख गर्दै ' अध्यक्ष विश्वकर्माले दीर्घकालीन रुपमा खानेपानीलाई टिकाउन सबैको सहयो ग जरुरी रहेको बताए।गाउँपालिकाको रु ४ करोड ४३ लाख ३८ हजार ६०२ को लागतमा उक्त खानेपानी आयोजना सम्पन्न भएको गाउँपालिका अध्यक्ष विश्वकर्माले जानकारी दिए।

लुम्बिनी प्रदेशसभा सदस्य एवं पुर्व मन्त्री तुल्सीराम शर्माले खानेपानी आयो जनाको उद्घाटन गरेका हुन। उनले आयो जना सम्पन्न गरेर मात्र नहुँने भन्दै त्यसको संरक्षणमा ध्यान दिन समेत अनुरोध गरेका छन्।तीन किलोमिटर तलको माडीखोलाबाट लिफिटङ गरेर ६ सय मिटरमाथि डाँडामा पानी ल्याईएको छ गाउँपालिकाले जनाएको छ। पानी संकलन गर्नका लागि सातवटा ट्याङकी निर्माण गरिएको बतायिएको छ। त्यहींबाट पाइपलाइन बिछ्याएर गाउँमा खानेपानी पु-याइएको छ। आर्थिक वर्ष २०७४/०७५ बाट योजना सुरु गरिएपनि कोरोना लगायतका कारण काममा ढिलाई भएको थियो।

# करेन्ट लागेर प्यूठानमा २ दिनमा २ जनाको मृत्यु

**झुलेनी पोष्ट**
**प्यूठान**

प्यूठानमा करेन्ट लागेर फेरी एक जनाको ज्यान गएको छ।

बुधवार झिमरुक गाउँपालिका ६ चिचिण्डेका ५४ वर्षिय धन बहादुर पुन मगरको मृत्यु भएको हो। मलामी गएर फर्किने क्रममा ५ नं वडा चुधारा निवासी रामचन्द्र भट्टराईले लगाएको नाङ्गो करेन्ट तारमा परि उनको मृत्यु भएको वडा अध्यक्ष धन बहादुर पुन मगरले जानकारी दिए। उनका अनुसार मकै बाली जोगाउन वदेलको लागि बारीमा करेन्ट थापिएको थियो।

उता मंगलवार प्यूठान नगर पालिकाका ३ सापडाँडामा पनि ५४ वर्षिय सेते खड्का को मृत्यु भएको थियो। उनले पनि मकै बालीमा करेन्ट थापेको बताइएको छ।

प्यूठानमा २ दिनमा २ जनाको करेन्टमा परि मृत्यु भएको छ।

# करोड बढी लागतको चिस्यान केन्द्र अलपत्र

**बिबश जि.एम**
**प्यूठान**




प्यूठान नगरपालिकाले सञ्चालनमा ल्याएको चिस्यान केन्द्र अहिले अलपत्र अवस्थामा छ। २०७८ सालबाट सञ्चालनमा आएको चिस्यान केन्द्र बन्द हुँदा किसानहरुले उत्पादन गरे का कृषि उपजहरु त्यहाँ राख्न पाएका छै नन्।

१ करोड ४९ लाखको लागतमा बनेको केन्द्र कृषिजन्य उत्पादनका सामग्रीहरु स्टोर गर्न नपाउँदा किसानलाई समस्या भएको कृषकहरु बताउँछन ।चिस्यान केन्द्रमा अहिले प्राविधिक समस्याको कारण कृषि उपजहरु राख्न नसकिएको प्यूठान नगरपालिकाका कृषि शाखा प्रमुख अजित पौडेलले बताए। किसानले उत्पादन गरेका आलु,प्याज, टमाटरहरु त्यहाँ राख्दा कुहिएर,उम्रिएर गयो पौडेलले भने, 'उत्पादन गरेर राखे का सबै सामान कुहिन थालेपछि हामीले त्यहाँ राखेनौ।'नगरपालिकामा चिस्यान केन्द्र सम्बन्धि विज्ञ प्राविधिक नभएकै कारण सो समस्या भएको उनी बताउँछन्। गत असोजसम्म सञ्चालनमा आएको उक्त चिस्यान केन्द्र त्यसपछि अहिलेसम्म बन्द अवस्थामा छ। प्यूठान नगर पालिकाका नगर प्रमुख विष्णु योगीले आगामी असोज कात्तिक देखि चिस्यान केन्द्र पूर्ण रुपमा सञ्चालनमा ल्याउने तयारी गरेको बताए। 'सामान्य प्राविधिक त्रुटिका कारण यो अवस्था आएको हो,' उनले भने,'समस्या पहिल्याएर छिट्टै समाधान गर्नेछौं।" चिस्यान केन्द्रमा १ सय टनसम्म सामान स्टोर गर्न सक्ने क्षमता छ।

## नसर्ने रोगहरुको जोखिम कम गर्न सधैं स्वस्थ जीवनशैली अपनाऔं

- सुर्तिजन्य पदार्थ तथा मदिरा कहिल्यै सेवन नगरौं ।
- शरिरको मोटोपना घटाउन नियमति व्यायाम गरौं ।
- उचाई अनुसार शरिरको तौल कायम गरौं ।
- चिल्लो, गुलियो, नुनिलो कम खाने गरौं ।
- दैनिक ५ ग्राम भन्दा कम नुनखाने गरौं ।
- मानसिक तनाव नलिऔं रिसाउने बानी पनि नगरौं ।
- अन्न, दाल, गेडागुडी, दूध, दही, माछा, बोसो नभएका मासु, अण्डा सहितका सन्तुलित खाना हरिया सागसब्जी, फलफूल प्रशस्त रुपमा खाने गरौं ।
- कोल्ड ड्रिङ्कस गुलियो पेय पदार्थ, मिठाई, चकलेट, चाउचाउ, चिप्स जस्ता खानेकुराहरु सकभर नखाऔं ।

**अनुरोधक :**
**स्वास्थ्य कार्यालय, प्युठान**

## उद्योगी, व्यवसायी तथा उपभोक्ता वर्गमा अनुरोध

उपभोग्य वस्तु खरिद बिक्रि तथा उपभोग गर्नुअगाडि देहायका कुराहरुमा ध्यान दिई सचेत उपभोक्ता एवं जिम्मेवार व्यसायीको परिचय कायम गरौं ।

- उद्योगी व्यवसायीहरुले सम्बन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय सञ्चालन गरौं ।
- उद्योगबाट निस्कने ठोस, तरल तथा अन्य फोहरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यवस्थापन गरौं ।
- बिक्रि गर्ने वस्तुहरु समय समयमा निरिक्षण गरी अखाद्य वा म्याद गुज्रेका सामानहरु बिक्रि स्थलमा नराखौं ।
- बिक्रियोग्य वस्तुको आवश्यकता अनुसारका तापक्रममा भण्डारण गर्ने गरौं।
- बिना इजाजत सुर्तिजन्य मदिराजन्य वस्तुहरुको बिक्रि वितरण नगरौं ।
- औषधी तथा औषधीजन्य पदार्थहरुको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिकाको बारेमा उपभोक्तालाई जानकारी दिने गरौं ।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्रि गर्नु दण्डनीय अपराध भएको हुँदा त्यस्तो कार्य नगरौं ।
- कारोवार स्थलमा साइनबोर्ड तथा मूल्यसूची स्पष्ट देखिन गरी अनिवार्य रुपमा राख्ने गरौं ।
- उपभोग्य वस्तु खरिद गर्दा अनिवार्य रुपमा बिल बिजक लिने/दिने गरौं ।
उपभोक्ताले कुनै पनि उपभोग्य वस्तु खरिद गर्दा उत्पादन मिति , मुल्य,
- तौल, उपभोग्य मिति, गुणस्तर आदि उल्लेख छ छैन हेरेर मात्र खरिद गरौं
- ।
प्लाष्टिकका झोलाको विकल्पमा कपडा वा अन्य झोला प्रयोग गरौं ।
- कृत्रिम अभाव श्रृजना गरिएका, कमसल वस्तु बिक्रि वितरण गरेको पाइएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, वा घरेलु तथा
- साना उद्योग कार्यालयमा उजुरी गरौं।
उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा पाएमा नागरिक खवरदारि

**अनुरोधक :**
**घरेलु तथा साना उद्योग कार्यालय, खलङ्गा प्युठान**

## गाउंपालिकाबासीहरुमा अनुरोध

जंगली च्याउहरु निकै विषालु पनि हुन सक्छन् त्यसैले जथाभावी रुपमा उम्रिएका जंगली च्याउहरु नखाऔं, च्याउ पहिचान गरेर वा खेति गरी उमारेका च्याउहरु मात्र खाने गरौ,आफु पनि बचौं र अरुलाई पनि बचाऔं।

**अनुरोधक :**
**गौमुखी गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय लिवाङ, प्युठान ।**

## सम्पूर्ण उपभोक्ता वर्गमा अनुरोध

- व्यवसाय गर्नेको साइनबोर्ड, मुल्यसूची भए/नभएको हेरौं ।
- प्याकिङ गरिएका सामानहरुमा उत्पादनकर्ताको नाम, ठेगाना हेरेर मात्र सामान खरिद गरौं ।
- प्याकिङ गरिएका सामानमा उत्पादन तथा उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुन : लेवलिङ छपाई गरेका बस्तु खरिद नगरौं ।
- उपभोग्य मिति समाप्त भएका बस्तु खरिद नगरौं ।
- औषधिको प्याकिङमा उपभोग्य मिति प्रयोग गर्ने तरीका उल्लेख छ छैन हेरौं ।
- सामान खरिद गर्दा बिल प्राप्त गर्ने उपभोक्ताको अधिकार हो । सामान खरिद गर्दा बिल अनिवार्य लिने बानीको विकास गरौं ।
- गुणस्तरहीन बस्तुको प्रयोगबाट हानी नोक्सानी भएमा क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा उजुरी गरौं ।
- अखाद्य कमसल उपभोग्य बस्तुको बिक्रि बितरण गरेको पाइएमा वा भएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, उपभोक्ता संस्था वा सम्बन्धित नगरपालिका तथा गाउँपालिकामा तुरुन्त उजुरी गरौं ।

**अनुरोधक :**
**स्वर्गद्वारी नगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय भिंगृ, प्युठान ।**

## सम्पूर्ण नगरबासीहरुमा अनुरोध

विद्युतिय उपकरणहरु मोबाइल,ट्याब,ल्यापटप आदिको अत्यधिक प्रयोगले बालबालिकाहरुको आँखाको ज्योति बिग्रने ,दिमागमा असर पर्ने, समयमा नसुत्ने, निद्रा नलाग्ने , एकान्तमा बस्न मन पराउने, खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,साथीहरुसंग घुलमिल नहुने, झिंजिने तथा एकै ठाउँमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने र बालबालिकाहरुमा विभिन्न किसिमका शारिरीक तथा मानसिक समस्याहरु देखिने भएकाले बालबालिकाहरुलाई विद्युतीय उपकरणहरुको अत्यधिक प्रयोग गर्न नदिऔं ।

**अनुरोधक :**
**प्युठान नगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्युठान ।**

## लैंगिक......

जोडी हुनेले हालेको रिट निवेदनमा विदेशमा भएको विवाहलाई अन्यथा मान्न नसकिने आदेश सर्वोच्च अदालतले ६ चैत २०७९ मा दिएको छ। वैवाहिक भिसा प्राप्त गर्न विवाह प्रमाणित हुने आधिकारिक प्रमाणपत्र अथवा विवाह दर्ताको प्रमाणपत्र र दम्पती मध्येका नेपाली नागरिकको नागरिकता प्रमाणपत्रलाई मुख्य कागजात मानी गैरपर्यटकिय भिसा जारी गर्न सर्वोच्चले आदेश दिएको छ।

विवाह पश्चात् परिवार बसाउने सम्बन्धमा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले पनि अधिकार सुनिश्चित गरेको छ। खास गरी मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ अन्तर्गतको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा १ ले आत्म निर्णयको अधिकार, धारा २ ले बिना भेदभाव अधिकारको सम्मान र सुनिश्चितता, धारा ६ ले प्रत्येक व्यक्ति जीवनको अन्तर्निहित अधिकारको रक्षा गरिने र जिउनबाट जथाभावी वञ्चित नगरिने प्रत्याभूति भनी बाँच्न पाउने अधिकार, समानताको अधिकार र जहाँ कहीँ पनि कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकारलाई सुनिश्चित गरिएको छ। आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६ को धारा १ ले आत्मनिर्णयको अधिकार, धारा ९ ले सामाजिक सुरक्षाको अधिकार र धारा १० ले विवाह तथा परिवारको अधिकारको प्रत्याभूति राज्यले गर्नुपर्ने व्यवस्था गरेको छ।

### पहिलो पटक गणना

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको पहलमा पहिलो पटक घर परिवार गणनाका आधारमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक नागरिकको तथ्याङ्क सार्वजनिक भएको छ। केन्द्रीय तथ्याङ्क कार्यालयले नेपालमा २ हजार ९२८ जना अन्य लैङ्गिक पहिचानका नागरिक रहेको तथ्याङ्क सार्वजनिक गरेको हो। यो समुदायको वकालत गर्नेहरूले भने विश्व स्वास्थ्य सङ्गठनको हवाला दिँदै सयमा ८ देखि १० जना महिला र पुरुष भन्दा फरक समलिङ्गी, तेस्रोलिंगी, अन्तरलिंगी भएका व्यक्तिहरूको जन्म हुन्छ भन्ने आधारमा नेपालमा लाखौं रहेको दाबी गर्दै आएका छन्। यो कुनै आधिकारिक तथ्याङ्क भने होइन। गणना नहुँदै नेपालले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई धेरै पहिलादेखि नै मान्यता दिँदै आएको छ।

सन् २००१ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंले समलिङ्गी तेस्रोलिंगीको यौन स्वास्थ्य र मानवअधिकारमा काम गर्ने गरी नील हिरा समाज नामक गैरसरकारी संस्था दर्ता गरेको थियो। सुनिलबाबु पन्त संस्थापक रहेको समाजमा पहिले सदस्य बस्न समेत डराउने समलिङ्गी तेस्रोलिंगीले अहिले संस्थाकै नेतृत्व हाँकेका छन्। नील हिरा समाजसँगै हालसम्म यौनिक तथा लैङ्गिक अल्पसंख्यकको मानवअधिकारमा काम गर्ने उद्देश्य सहित दर्जन बढी सङ्घ संस्था दर्ता भइसकेका छन्।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सरोकारवाला संस्थालाई वार्षिक अनुदान समेत दिँदै आएको छ। संविधानमा अधिकार लेखिएसँगै मन्त्रालयले लैङ्गिक तथा यौनिक अल्पसंख्यक नागरिकप्रति समाजमा रहेको भ्रम हटाउन जनचेतना मुलुक कार्यक्रम सञ्चालन गर्दै आएको छ। सीप मुलुक तालिम कार्यक्रमका लागि पनि मन्त्रालयले बजेट विनियोजन गर्दै आएको छ। यौनिक तथा लैङ्गिक अल्पसंख्यक नागरिकका लागि मन्त्रालय अभिभावकको रूपमा उभिएको छ।

प्यूठान नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
बिजुवार, प्यूठान
लुम्बिनी, प्रदेश, नेपाल

website:- pyuthanmun.gov.np
email:-pyuthan.mun@gmail.com
contact:- 086590081

पत्र संख्या:-०८०/८१राजश्व
चलानी नं.

**कवाडी सामान निकाशी सम्वन्धी सुचना।**
प्रथम पटक प्रकाशित मिति : २०८० /०४/२२

यस प्यूठान नगरपालिकाको क्षेत्रभित्र रहेको कवाडी मालसामान संकलन र बिक्री बितरण गर्न प्रदेश सरकार लुम्बिनी प्रदेश बाट स्वीकृत कार्यविधी अनुसार कवाडी सामान संकलन र निकाशी सम्बन्धी तपशिलको शर्त पालना गर्ने गरी इच्छुक फर्म वा कम्पनीको लागी यो बोलपत्र / दरभाउ पत्र आव्हानको सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. संकलन तथा विक्रि वितरण तोकिएको स्थान बाट मात्र गर्नुपर्ने छ।
२.सम्झौता गर्दा स्वीकृत फर्म वा कम्पनीले स्वीकृत नम्बरका गाडीहरुबाट संकलन र निकासी गर्नुपर्ने छ।
३.स्वीकृत परिमाणको निकाशी विक्रि गर्दा प्रदेश आर्थिक ऐनको अधिनमा रहेर गर्नुपर्ने छ।
४. कानुनले तोकिए बाहेकका अन्य बस्तु संकलन र विक्रि वितरण गरेमा कसुर गरेको ठहरिने छ। सोही अनुसार कारबाही हुनेछ।
५.नगरस्तरीय अनुगमन तथा व्यवस्थापन समितिले अनुगमन गरी दिएको सुझावलाई पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने छ।
६.नगर कार्यपालिकाको निर्णय बमोजिम प्यूठान नगरपालिका क्षेत्र भित्र कवाडी सामान संकलन र निकासी बापत तोकिएको न्यूनतम रकम कायम गरिएकोमा उक्त रकममा बढावढाको माध्यमबाट दररेट स्वीकृत गरिने छ।
७. पेश भएका फर्म वा कम्पनीको योग्यता पुगेको र कार्य क्षमताको विश्वासनीयताको आधारमा छनौट गरिने छ।
८. बिड डकुमेन्ट कार्यालयबाट रु १०००/– को नगदी रसिद लिई सूचना भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र उपलब्ध गराउनु पर्नेछ।
९. यस बापत लाग्ने सम्पूर्ण करहरु कम्पनी वा फर्मले स्वयं व्यहोर्नु पर्ने
१०. Bid Document Bill of quantity मा अंक र अक्षरमा भरी आवस्यक कागजात र निवेदन सहित सिलबन्दी गरी सुचना प्रकाशित मितिले १५ औं दिनको १२ : ०० बजे भित्र इच्छुक व्यक्ति वा फर्मले आवश्यक कागजात र निवेदन सहित सिलबन्दी गरी प्यूठान नगर कार्यपालिकाको कार्यालय बिजुवार प्यूठानलाई संबोधन गरी पेश गर्नु पर्ने छ।
११. नियमानुसार प्रकृया पुगी दर्ता भएका बोलपत्रहरु / दरभाउ पत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्र / दरभाउ पत्रदाताको उपस्थितिमा १६ औं दिनको २ : ०० बजे खोलिने छ।
१२. बोलपत्रदाताले आफुले कबोल गरेको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाता नं २८१०३०००००३००००००००१ मा नगदै दाखिला गरेको सक्कलै भौचर पेश गर्नुपर्ने छ।
१३. कबाडी सामान संकलन र निकाशी सम्झौता भएको मिति देखी २०८१/०३/३० सम्म मात्र गर्नु पर्ने छ।
१४. यस सुचनामा छुट हुन गएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ नियमावलली २०६४ र लुम्बिनी प्रदेश सरकारको कार्यविधि र प्रचलित कानुन बमोजिम हुनेछ।

आवस्यक कागजात :

- नेपाली नागरिकताको प्रमाण पत्र / निजी फर्म वा कम्पनीको प्रतिलिपि

तपशिल

| सि.नं | ठेक्का नं | ठेक्काको नाम | न्युनतम कबोल अंक (मु.अ. कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | | कवाडी निकाशी कर | ५,००,०००/– | |

चन्द्र बहादुर जि.सी.
नि. प्रमुख प्रशासकिय अधिकृत

**गाउंपालिकाबासीहरुमा अनुरोध**

जंगली च्याउहरु निकै विषालु पनि हुन सक्छन् त्यसैले जथाभावी रुपमा उम्रिएका जंगली च्याउहरु नखाऔं, च्याउ पहिचान गरेर वा खेति गरी उमारेका च्याउहरु मात्र खाने गरौ,आफु पनि बचौं र अरुलाई पनि बचाऔं।

**अनुरोधक :**
**नौबहिनी गाउँपालिका,**
गाउँ कार्यपालिकाको कार्यालय बाहाने , प्युठान ।

**गाउंपालिकाबासीहरुमा अनुरोध**

जंगली च्याउहरु निकै विषालु पनि हुन सक्छन् त्यसैले जथाभावी रुपमा उम्रिएका जंगली च्याउहरु नखाऔं, च्याउ पहिचान गरेर वा खेति गरी उमारेका च्याउहरु मात्र खाने गरौ,आफु पनि बचौं र अरुलाई पनि बचाऔं।

**अनुरोधक :**
**सरुमारानी गाउँपालिका,**
गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा, प्युठान ।

## जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईंसराइ जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र नि:शुल्क रुपमा सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं र गराऔं

१) जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।

२)बच्चा जन्मेको ३५ दिनभित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई दर्ता गरौं ।

३) जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिन सकिन्छ ।

४) जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।

५) विवाहको सूचना पति र पत्नी दुवैले दिनु पर्छ ।

६) सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।

७) बसाई सराई दर्ता गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिनु पर्छ ।

८) सबैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।

९) व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौं ।

१०) सहि व्यक्तिलाई सहि समयमा सहि रकम प्रदान, सामाजिक सुरक्षाको हाम्रो अभियान ।

त्यसैले, जन्म, मृत्यु, विवाह, बसाईंसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।

अनुरोधक :

**ऐरावती गाउँपालिका,**
**सामाजिक सुरक्षा तथा पंजिकरण सेवा इकाई बरौला, प्युठान ।**

## जनहितमा जारी

- अव्यस्थित तरिकाले रुखहरु नकाटौं,बनजंगलको संरक्षण गरौं
- भिर पाखाबाट जथाभावी ढुंगामाटो नभिक्रौं
-पहिरो जाने संभावित ठाउँ वरिपरि भल कुलो तर्काऔं
- बिपद्को हिसावले जोखिम क्षेत्रहरु र सुरक्षित स्थानको पहिचान गरिराखौं
- विपदको समयमा सहयोग गर्ने निकायहरुको पहिचान गरिराखौं
-आपतकालिन सहयोगको लागि राहत सामग्रीको ब्यवस्था गरिराखौं
-उद्धारटोलीलाई परिचालन गरि राहत सामग्रीको ब्यवस्थापन गरौं
- बिपद्बाट प्रभावित तथा विस्थापितहरुलाई सुरक्षित स्थानमा पुर्नस्थापित गर्न पहल र सहयोग गरौं
- संचार सामग्री सदैव साथमा राखौं र अरुलाई पनि राख्न लगाऔं।

**जलस्रोत तथा सिचाई डिभिजन कार्यालय , प्यूठान**

## डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांसपेशीहरुमा असह्य पिडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्यधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखा परेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**नेपाल सरकार विज्ञापन बोर्ड**

## सामाजिक सुरक्षा भत्ता सम्बन्धि जरुरी सुचना।

प्रस्तुत बिषयमा आ.ब.२०८०/०८१ मा यस वडाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पुर्ण लाभग्राहीहरुले प्रत्येक आ.ब.को भाद्र मसान्तभित्र सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गर्नुपर्ने कानुनी प्रावधान अनुसार मिति २०८०/०४/०१ गतेदेखि २०८०/०५/२५ गतेसम्म कार्यालय समयमा वडा कार्यालय निशानटाकुरामा उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गर्नु हुन यस वडाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पुर्ण लाभग्राहीहरुमा अनुरोध छ।

नोट: परिचय पत्र नवीकरण गर्न आउँदा जेष्ठ नागरिक र दलित जेष्ठ नागरिकको हकमा नागरिकताको प्रतिलिपि,एकप्रति फोटो,बिधुवा/एकलको हकमा नागरिकताको प्रतिलिपी, एकप्रति फोटो,श्रीमानको मृत्युदर्ताको प्रतिलिपी, अर्को बिबाह नगरेको सिफारिस,अपांगको हकमा नागरिकताको प्रतिलिपी/अपांग परिचय पत्रको प्रतिलिपी,एक प्रति फोटो, संरक्षकको नागरिकताको प्रतिलिपी,दलित बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपी, एकप्रति फोटो,संरक्षकको नागरिकताको प्रतिलिपी र एकप्रति फोटो अनिवार्य ल्याउनु पर्नेछ।

**मनोज कुमार जि.सी.**
**सचिव**

**नोमराज पौडेल**
**वडाध्यक्ष**

अनुरोधक :

**मल्लरानी गाउँपालिका**
**वडा नं. ३, को कार्यालय, निशानटाकुरा प्यूठान**

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ती (९८५७८३६६७२),
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : मिजन अफसेट प्रेस जसपुर, प्यूठान